आज मिति २०७७ साल असार महिनाको ९ गते मंगलबार, दिउँसो २:०० बजे सुदूरपश्चिम प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलालीका प्रमुख सचिव श्रीमान् रामकृष्ण सुवेदीज्यूको अध्यक्षतामा यस प्रदेशका मन्त्रालयका सचिवहरुको बैठक बसी विविध विषयहरुमा छलफल तथा निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| १. | प्रमुख सचिव, श्री रामकृष्ण सुवेदी - | मुख्यमन्त्री तथा म.प.कार्यालय |
| २. | प्रदेश सचिव, डा. श्री कमल प्रसाद पोखेल - | मुख्यमन्त्री तथा म.प.कार्यालय |
| ३. | प्रदेश सचिव, श्री किशोर कुमार चौधरी - | मुख्यमन्त्री तथा म.प.कार्यालय |
| ४. | प्रदेश सचिव, श्री कृष्ण बहादुर राउत - | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ५. | प्रदेश सचिव, श्री सुमनराज अर्याल- | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ६. | प्रदेश सचिव, श्री यम प्रसाद पोखरेल- | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ७. | प्रदेश सचिव, श्री शंकर प्रसाद खरेल- | सामाजिक विकास मन्त्रालय |
| ८. | प्रदेश सचिव, श्री किशनलाल भट्ट- | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| ९. | नि. प्रदेश सचिव, श्री प्रेम दत्त भट्ट- | भौतिक पूर्वाधार विकास मन्त्रालय |

## निर्णयहरु-

१. आगामी आ.व. २०७७/०७८ को वार्षिक वजेट तथा कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा सबै मन्त्रालयहरुले चौमासिक बाँडफाँट सहितको कार्ययोजना (Action Plan) श्रावण महिनाभित्र तयार गरी लागु गर्ने । सो को प्रमाणित प्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

२. प्रत्येक मन्त्रालयले अनिवार्य रुपमा श्रावण महिनाभित्रै खरिद ईकाइ गठन गरी खरिद योजना समेत तयार गरी कार्यसम्पादन गर्ने गराउने । सो को प्रमाणित प्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

३. आगामी आ.व. २०७७/०७८ को लागि नीति तथा कार्यक्रम, बजेट र प्रचलित कानून बमोजिमका कार्यहरु समेटी प्रत्येक मन्त्रालयले कार्यसम्पादन सम्झौता (Performance Contract) तयार गरी सबै तहमा कार्यसम्पादन सम्झौता गर्ने गराउने।

४. यस प्रदेशको निजामती सेवाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (Organization and Management Survey) को प्रारम्भिक प्रतिवेदनको सन्दर्भमा सबै मन्त्रालयहरुले छलफल गरी रायसुझाव उपलब्ध गराउने । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रशासन तथा वैठक महाशाखा ले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC) सँग Virtual Meeting समेत गरी निष्कर्षमा पुग्ने ।

५. आ.व. २०७७/०७८ को वार्षिक वजेट तथा कार्यक्रममा व्यवस्था भएअनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयसँग समन्वय गरी सबै मन्त्रालयहरुले दार्चुला जिल्ला, व्याँस गाउँपालिकालाई लक्षित गरी प्राथमिकताका आधारमा (Prioritywise) कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्ने गराउने ।

६. सबै मन्त्रालयहरुले कर्मचारीहरुको दैनिक कार्यसम्पादनसँग आवद्ध हुने गरी दैनिकी डायरी (Daily Diary) तयार गरी आगामी आ.व. २०७७/०७८ को श्रावण महिनादेखि लागु गर्ने गराउने।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी कैलाली नेपाल

प्रमुख सचिव

७. सबै मन्त्रालयहरुले आगामी आ.व. २०७७/०७८ मा तयार गर्नुपर्ने कानूनहरुको मस्यौदाको सूची मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा श्रावण महिनाभित्र पठाउने ।

८. चालु आ.व.को अख्तियारी अनुसार समयमै कार्यसम्पन्न गरी तोकिएको समयसीमा (Deadline) भित्र कार्य फर्छ्यौट गर्ने गराउने तर्फ अख्तियारवालाले ध्यान दिने ।

९. प्रदेश मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा सम्बन्धित मन्त्रालयको सहमति तथा परामर्श आवश्यक पर्ने अवस्था भएमा सो समेत अनिवार्य रुपमा संलग्न गरी गराई मात्र प्रस्ताव पेश गर्ने ।

१०. प्रत्येक मन्त्रालयले सुदूरपश्चिम प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार तोकिएको जिम्मेवारी भित्र रही मन्त्रालय तहबाट नै निर्णय निकास लिने । निर्णयबाट पन्छिने उद्देश्यले मन्त्रिपरिषद्मा प्रस्ताव पेश नगर्ने नगराउने ।

११. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तयार गरिने प्रदेश स्तरीय मुख्य कार्यक्रम कार्यान्वयन सहजीकरण कार्ययोजनामा संलग्न गराउने प्रयोजनका लागि प्रत्येक मन्त्रालयहरुले आगामी आ.व. २०७७/०७८ मा कार्यान्वयन गरिने मुख्य मुख्य कार्यक्रमहरुको विस्तृत कार्ययोजना तपसिल बमोजिमको ढाँचामा तयार गरी आगामी श्रावण १५ गतेभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने ।

तपसिल

| मुख्य कार्यक्रमहरु (वार्षिक वजेट तथा कार्यक्रममा स्वीकृत) | क्रियाकलाप /चरणहरु | अपेक्षित उपलब्धि | उपलब्धि सूचक | कार्यान्वयन समय | जिम्मेवार निकाय/महाशाखा/शाखा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

२०७७/४/१५

प्रमुख सचिव